भूमे साप्ताहिक
वर्ष ७ अङ्क ०५ भदौ ०१ आईतबार

सम्पादकीय

# चौरीखर्क सौन्दर्यसँगै सम्भावना

रुकुमपूर्वको भूमे गाउँपालिका १ मा पर्ने चौरीखर्क पछिल्लो समय आन्तरिक पर्यटकको मनपर्ने गन्तव्य बन्न थालेको छ। समुद्री सतहदेखि चार हजार मिटरको उचाइमा रहेको यो लेकमा पुग्ने जो–कोहीलाई हरियाली डाँडा, फूलको सुगन्ध, शीतल हावा र हिमश्रृङ्खलाको झल्कोले आकर्षित गर्छ। केही वर्षअघि गोठालामात्रै बस्ने चौरीखर्क अहिले हजारौं पर्यटकले रमाउने स्थलमा रूपान्तरण हुँदै गएको छ। प्राकृतिक सौन्दर्य, शान्त वातावरण र सहज पहुँचले गर्दा चौरीखर्क छोटो अवधिमै चर्चामा आउनु उत्साहजनक हो। आन्तरिक पर्यटकको चहलपहलले यस क्षेत्रमा आर्थिक सम्भावना पनि बढाएको छ। यसले दूध, दही, यातायात र आवास सेवासम्म रोजगारी र आम्दानीका अवसर सिर्जना गर्ने आधार तयार गरिरहेको छ।

यस क्षेत्रलाई व्यवस्थित गन्तव्य बनाउन पूर्वाधार आवश्यक रहँदा भूमे गाउँपालिकाले पर्यटलाई अगाडि बढाउन लागि परि रहेको छ। पदमार्ग, विश्रामस्थल, सूचना बोर्ड, सरसफाइ र आवासीय सुविधा जस्ता आधारभूत संरचना विस्तार गर्न सके चौरीखर्क केवल आन्तरिक पर्यटककै होइन, अन्तर्राष्ट्रिय स्तरको आकर्षण बन्न सक्छ। प्रचार–प्रसारलाई प्राथमिकता दिन सरकार ध्यान जान जरुरी छ।

राज्यले सुरु गरेको पहल सकारात्मक भए पनि अझ दिगो योजनाको खाँचो छ। स्थानीय समुदायलाई पर्यटकसँग जोड्ने मोडेल विकास नगरेसम्म दीगो पर्यटन सम्भव हुँदैन। पर्यटक बढ्दा वातावरणीय क्षति र अनियन्त्रित फोहरको जोखिम पनि हुन्छ। त्यसैले संरक्षणलाई पर्यटनसँगै अघि बढाउनुपर्छ।

चौरीखर्क केवल मनोरञ्जनको स्थल मात्र होइन, समग्र ग्रामीण पर्यटनको प्रतिनिधि अवसर पनि हो। प्रकृतिले दिएको उपहारलाई सुरक्षित गर्दै, योजनाबद्ध पूर्वाधार विस्तार गर्दै र स्थानीयलाई लाभान्वित बनाउँदै अघि बढ्न सके चौरीखर्क जस्तै लेकहरु राष्ट्रिय अर्थतन्त्रका लागि स्तम्भ बन्न सक्छन्।

अन्तमा: चौरीखर्कको आकर्षण बढ्नु उत्साहजनक छ, तर यसको दिगोपन सुनिश्चित गर्न आजैदेखि ध्यान दिनुपर्छ। प्राकृतिक सौन्दर्य संरक्षण गर्दै योजनाबद्ध पूर्वाधार विस्तार र स्थानीयलाई प्रत्यक्ष लाभ हुने मोडेल विकास गर्न सके चौरीखर्क केवल रुकुमपूर्वको मात्रै होइन, समग्र नेपालको पर्यटन अर्थतन्त्रलाई टेवा दिने गन्तव्य बन्न सक्छ। **सम्पाकीय मण्डल**



**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# पर्यटक केन्द्रमा चौरीखर्क



❖ ***साप्ताहिक संवाददाता***

डाँडैभरी रङ्गीचङ्गी बुकी फूल, चारै तिर हरियाली। छिनमै बादलले घुम्टो ओड्ने, छिनमै खुल्ने। एक तमासले चल्ने सिरसिर हावा चौरीखर्क चुङुरीकको विशेषता हो। शान्त र मनोरम वातावरण रहेको चौरीखर्कमा हिजोआज सितालताको खोजी गर्दै पुग्ने घुमन्तेको छहारीनै बनेको छ। अझ नाङ्गो डाँडामा पल्टी मार्ने र प्राकृतिक सुन्दरताको स्वादन गर्नेको भिडनै लाग्ने गरेको छ। उत्तरतर्फ सेता दाँत देखाएर मुस्कुराएका अनगिन्ती हिमश्रृङ्खला, मनै लोभ्याउने नाङ्गा डाँडा र भेडीगोठ पर्यटकलाई आकर्षण गर्ने गरेको छ। समुन्द्री सतहदेखि करिब चार हजार मिटरको उचाईमा रहेको चौरीखर्क भूमे गाउँपालिका वडा नम्बर १ मा पर्दछ। मध्यपहाडी लोकमार्ग देखि नजिकै रहेको चौरीलेकमा दैनिक पर्यटक आउने गरेका छन्।

लेकाली हावापानी र पोषिलो घाँस पाइने हुँदा वर्षौंदेखि दर्जनौ गोठालाहरु बर्खाको समयमा यहाँ बस्ने गर्छन्। रुकुमपूर्वको संगम स्थलका रुपमा रहेको चौरीखर्कमा पर्यटकको चहलपहल हुन थालेपछि गोठालाहरु दंग छन्। पहिले सुनसान हुने उक्त ठाउँमा अहिले डाँडैभरी पर्यटक भरिने गरेको बागलुङको निसीखोला गाउँपालिका–६ का गोठाला भागविर घर्ती मगरले बताउनुभयो।

पोहोर साल भदौ ताका १२/१५ जनाको टोली चौरीखर्कमा आएको सुनाउँदै त्यसपछि यहाँ आउने पर्यटकको संख्या बढ्दै गएको उहाँको भनाइ छ। आफू जेठको अन्तिम साता गोठ लिएर चौरीखर्क आएको भन्दै असारमै महिनामै सयौं पर्यटक लेकमा

आएको घर्ती मगरले बताउनुभयो। लेकमा आउने धेरैजसो युवायुवती रहेको उहाँ बताउनुहुन्छ। पहिले गोठाला मात्रै बस्ने ठाउँमा अचेल धेरै मान्छे आउन थालेपछि आफूहरुलाई अचम्म लागेको घर्ती मगरले बताउनुभयो।

"यो लेक त गोठालाहरुका लागि प्यारो थियो, तर अहिले त घुम्न आउने मान्छेहरुलाई पनि राम्रो लाग्न थालेछ, कोही विहान आएर साँझा फर्किन्छन्, कोही एक/दुई दिन टेन्ट हालेर बस्छन्, हाम्रो साथी जस्तै बन्छन्" घर्ती मगरले भन्नुभयो – "अहिले दैनिक १०० मान्छे आउने गरेका छन्, बिदा हुँदा त यहाँको डाँडाहरु सबै मान्छेले भरिन्छन्, उनीहरुले भेडाका बथान, फूल, गोठ र हामी गोठलाहरुसँग फोटो खिच्न रुचाउँदा रैछन्।"

पर्यटकलाई लक्षित गरि अघिल्लो वर्ष पदमार्गसमेत निर्माण भएको छ। जसले पर्यटकलाई चौरीखर्कसम्म पुग्नका लागि सहज बनाएको छ। बर्खाको समयमा चारै तिर हरियाली देखिने, वनफूल फूल्ने र भेडीगोठ भेटिने हुँदा पर्यटक बढी आउने गरेको भूमे गाउँपालिका –१ गोठाला नमसिंह गुरुङले बताउनुभयो। आफू झण्डै ती वर्षदेखि बर्खाको समय चौरीखर्क आउने गरेको सुनाउँदै यति धेरै पर्यटक अहिलेसम्म आएको अनुभव नभएको उहाँले बताउनुभयो।

पर्यटन डिभिजन कार्यालय बाँकेका प्रमुख टंकनाथ खनालले अघिल्लो वर्ष रु १० लाखमा रानीबास–कोइपा हुँदै चौरीखर्क जोड्ने गरि करिब पाँच किलोमिटर पदमार्ग निर्माण गरेको बताउनुभयो। यस वर्ष पनि पदमार्गसहित थप पूर्वधार निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले रु २५ लाख विनियोजन गरेको उहाँको भनाइ छ। यो क्षेत्र पछिल्लो समय आन्तरिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्दै गएको भन्दै सडक, पदमार्ग, विश्राम स्थल लगायतका संरचना थप्दै जाने उहाँले बताउनुभयो। प्रमुख खनालले भन्नुभयो – "गत वर्षदेखि पर्यटकको आकर्षण बढेको छ, यस क्षेत्रलाई प्रवद्र्धन गर्न लम्बिनी प्रदेश सरकारले पनि ध्यान दिएको छ, अघिल्लो वर्ष कोइपामा जलाकी निर्माण भएको छ, त्योसँगै पदमार्ग पनि बनेको छ, यसको प्रचारप्रसार गर्ने, पूर्वधार थप्ने र चौरीखर्कलाई उत्कृष्ट गन्तव्य बनाउने गरि काम भइरहेको छ।"

तुल्सीपुर दाङबाट घुम्न आउनु भएका पारस न्यौपानेले चौरीखर्क लेक निकै मनमोह रहेको बताउनुभयो। दाङबाट बुटवल, गुल्मी, बागलुङको बुर्तिबाङ र निसीखोला हुँदै यहाँ आएको उहाँको भनाइ छ। यो याममा दाङमा निकै गर्मी रहेको भन्दै चौरीलेक आएपछि निकै आनन्द आएको न्यौपानेले बताउनुभयो। सरकारले पातीहाल्नेदेखि चौरीलेकसम्म पुग्ने विभिन्न ठाउँमा ठाउँ चिनाउने बोर्ड र ठाउँ–ठाउँमा विश्रामस्थल बनाउन सके पर्यटकलाई सहज हुने उहाँको भनाइ छ। "यो सिजनमा पहाड उक्लिदा यसै पनि मज्जा आउँछ, त्यसमाथि यति सुन्दर ठाउँमा आउँदा निकै रमाइलो भयो, नेपालमा पनि यस्ता सुन्दर ठाउँ छन्, राज्यले प्रचारप्रसार गरेर विदेशी ल्याउन सके आर्थिक उन्नयन हुने थियो" न्यौपानेले भन्नुभयो – "गर्मी याममा चौरीखर्क ट्रेकिङ गर्नका लागि उपयुक्त ठाउँ रहेछ।"

# रुकुमपूर्वमा १ लाख २६ हजार ४ सय ५९ पशुको उपचार



❖ *बालाराम शेर्पाली*

रोगबाट बचाउनका लागि रुकुमपूर्व गत आर्थिक वर्षमा १ लाख २६ हजार ४ सय ५९ वस्तुभाउलाई खोप लगाइएको छ। एकीकृत पशु पन्छि विकास कार्यालय रुकुमपूर्वले जिल्लाका ३ वटा गाउँपालिकाको ३१ वटा वडामा प्राबिधिक खटाएर विभिन्न रोग विरुद्धको खोप नागिरकको घर आगनमा नै पुगेर सेवा दिएको हो।

कुकुर, भैंसी, राँगा, गोरु, बाखा र बङ्गुर लगायतका पशुलाई खोप लगाइएकोएकीकृत पशु पन्छि विकास कार्यालय रुकुमपूर्वका प्रमुख डिल्लीराज पौडेलले जानकारी दिनुभयो। पशुपंछी उपचार २६ हजार ६सय १ गरिएको छ। माइनर सर्जिकल ३ सय ६४ , गाइनोक्लोजिक उपचार २ सय ४५,बन्धायकरण ४ सय ३०, आन्तरिक परजिवि ५६ हजार ८ सय ५८, बाह्य परजिवि ४१ हजार ९ सय ६१ पशुले सेवा पाए छन्। जिल्लामा कुल २ लाख ४० हजार ३ सय ७७ पशुन्छीको संख्या रहे पनि १ लाख २६ ४ सय ५९ पशुले सेवा पाउँदा ५२ प्रतिशत भन्दाबढी रहेको छ।

पि.पि.आर खोप २३ हजार ३ सय भेडा बाखा गाई/गोरुलाई खोरेत ९ हजार ५ सय ४, लम्पी स्किन १ हजार ४ सय र कुकुरलाई रेबिज २ सय ४८ भने सुगुर बंगुरलाई स्वाईन फिवर १ हजार ७० लाई लगाएको बताईएको छ। भूमे गाउँपालिकामा पशु सेवा केन्द्रमा कार्यरत प्राविधिकहरु धेरै जसो किसानकै घरदैलोमा देखिन्छन। किसानहरुले पालेका पशुपन्छीहरुको उपचार गर्न घर आँगन मै गएर उपचार गर्न ब्यस्त छन्। किसानहरुका धेरै जस्तो समस्याहरु घरमै पुगेर समानधान गरेका छन। कृषि क्षेत्रको अभिन्न अंगको रुपमा रहेको पशुपालन व्यवसायमा उत्पन्न हुने निराकरण गरि व्यवसायलाई व्यवसायिक बनाउन दौडधुप गरिरहेको गाउँपालिका पशु शाखामा कार्यरत गंगबुढ थापाले बताए। उपचारका लागि मात्र नभई पशुपालनको महत्त्व बुझाउनका लागि गाउँ गाउँमा जाने गरेको थापाले बताए। पशु सेवाका प्राविधिकहरु प्रत्येक वडाको गाउँ गाउँमा जाने र किसानको सेवा

गर्ने गरेका छन। यसरी किसानको सेवा गर्दा खुसी लाग्ने प्राविधिकहरुले बताएका छन। सबै गाउँमा सडकको पहुच भन्दा टाढा भएको हुदा फिल्ड जादा समस्या हुन्छ आज भोली त बर्षात सुरु भए संगै बाढी पहिरो खोला तरेर जानु पर्ने चुनौती रहेको छ। कतै दिनभर पैदल हिडेर पनि नपुग्ने गाउँहरु छन।

# एक वर्षमा ७८ प्रतिशत मुद्दा फैसला




रुकुमकोट जिल्ला अदालतमा गएको आर्थिक वर्ष २०८१/०८२ मा ७८ प्रतिशत मुद्दा फैसला भएको छ। गएको आर्थिक वर्ष २०८१/०८२ मा दर्ता भएका २ सय १० र अघिल्लो वर्षबाट सरेर आएको ३१ गरी जम्मा २ सय ४१ मुद्दा मध्ये १ सय ८८ अर्थात ७८ प्रतिशत मुद्दा फैसला भएको अदालतका स्रेस्तेदार तथा सूचना अधिकारी ईश्वरीप्रसाद सुवेदीले जानकारी दिनुभयो। ५३ थान मुद्दा फैसला हुन बाँकी रहेको सुवेदी बताउनुभयो।

गएको आर्थिक वर्षमा जम्मा २ सय ४१ मुद्दा मध्ये १ सय २४ मुद्दा सम्बन्ध विच्छेदको रहेको सुवेदी बताउनुभयो। यसैगरी लेनदेन मुद्दा १२, जबरजस्ती करणी १२, चोरी १४, ज्यान मार्ने उद्योग ६, कर्तव्य ज्यान मार्ने उद्योग २ थान मुद्दा दर्ता भएका थिए। यसैगरी हातहतियार, मानव बेचबिखन, लागु औषध १/१ थान, अंशबन्डा १०, वैवाहिक सम्बन्ध अन्त्य गरेको १९ थान लगायत प्रकृतिका मुद्दा दर्ता हुन आएको सूचना अधिकारी सुवेदीले जानकारी दिनुभयो।

यसैगरी कैद जरीमाना १ सय ८३ वर्ष १० महिना २१दिन बाँकी रहेको सुवेदीले बताउनुभयो। जरिमाना ८३ लाख २९ हजार ५ सय ४८ रुपियाँ बाँकी रहेको छ। भने पीडितलाई क्षतिपूर्ति भराउने ३६ लाख ४४ हजार ६ सय ५४ रुपियाँ बाँकी रहेको अदालतले जनाएको छ।

वर्ष ७ अङ्क ०५ २०८२ भदौ ०१ आईतबार

# समाजसेवाको यात्रामा अग्रसर अध्यक्ष श्रेष्ठलाई रेडक्रसद्वारा विशेष सदस्यता



कुनै समय गाउँकै सामान्य युवाको रूपमा समाजसेवामा हात हाल्नुभएको होम प्रकाश श्रेष्ठ आज भूमे गाउँपालिकाको नेतृत्वमा हुनुहुन्छ। पद र जिम्मेवारी बढेसँगै उहाँको समाजप्रतिको समर्पण झन् विस्तार हुँदै गएको छ। यही निरन्तर योगदानको कदर स्वरूप नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रुकुम पूर्व जिल्ला शाखाले उहाँलाई जिल्लाको पहिलो विशेष सदस्यता प्रदान गरेको हो। जिल्ला शाखाको तेस्रो वार्षिक साधारणसभामा अध्यक्ष श्रेष्ठलाई विशेष सदस्यता हस्तान्तरण गर्दै प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघ बहादुर श्रेष्ठ र शाखा सभापति दामोदर गौतमले समाजसेवामा देखाएको सक्रियता प्रशंसा गर्नु भएको हो।

रेडक्रस अभियानमा निरन्तर खटिँदै आउनु भएका अध्यक्ष श्रेष्ठले चुन्वाङ उपशाखामार्फत २५ हजार रुपैयाँ सहयोग गर्नुका साथै रेडक्रसले सञ्चालन गर्ने हरेक गतिविधिमा प्रत्यक्ष सहभागिता जनाउँदै आउनुभएको छ।

समाजसेवा भनेको पदको सीमाभित्र मात्र होइन, हरेक दिन जीवनशैलीकै रूपमा आत्मसात गर्नुपर्ने कुरा हो। उहाँले भन्नुभयो। रेडक्रसको विशेष सदस्यता प्राप्त गर्दै यो सम्मान मेरो मात्र होइन, सम्पूर्ण भूमे गाउँपालिका वासीको हो। रेडक्रसका सेवामूलक कामलाई अझ सशक्त बनाउन सक्रियता निरन्तर रहने बताउनुभएको छ। सभापति गौतमले श्रेष्ठको सहयोग र सक्रियताले जिल्लामा रेडक्रसका सेवामूलक कार्यक्रम थप मजबुत बनेको उल्लेख गर्दै भविष्यमा अझ प्रभावकारी कार्यक्रम ल्याउन सकिने विश्वास व्यक्त गर्नु भएको छ।

७ भूमे साप्ताहिक **समाचार**

वर्ष ७ अङ्क ०५ २०८२ भदौ ०१ आईतबार

# लगातार वर्षाले चुन्वाङमा पहिरोले घर भत्कियो

❖ ***साप्ताहिक संवाददाता***



भूमे गाउँपालिका –९ चुन्वाङको लौरी गाडिनास्थित मनिकर्ण सुनारको घर एकाएक चर्कियो, ढलेर भत्कियो। तर, सौभाग्यवश घरभित्र रहेका परिवार सकुशल बच्न सफल भएका छन्। जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वका अनुसार बिहीबार बिहान करिब १०:३० बजे ढुङ्गा र माटोसहितको पहिरो खस्दा सुनारको दुईतले, तीन कोठे कच्ची घरको तल्लो तलाको गाह्रो (बान्ना वा वाल) पूर्ण रूपमा ढलेको हो। घटनाको सूचना दिउँसो करिब १ बजे इलाका प्रहरी कार्यालय चुन्वाङमा पुगेपछि प्रहरी सहायक निरीक्षक खगेन्द्र खत्रीको कमाण्डमा तीन जनाको टोली तत्काल घटनास्थल पुगेको थियो। प्रहरीले घटनामा अन्य मानवीय वा पशुचौपायाँको क्षति नभएको पुष्टि गरेको बताएको छ। घर बस्न अयोग्य भएपछि सुनार परिवार नजिकैको अर्को सानो घरमा अस्थायी रूपमा सारिएको छ।

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि**
**निम्न कुरामा ध्यान दिऔ ।**

- ❑ नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं।
- ❑ खुला दिसा नगर्ने, प्रयोगशाला वा शौचालय प्रयोग गरौं।
- ❑ प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं।
- ❑ छोराछोरीलाइ विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं।
- ❑ घरेलु हिंसा, मदिरा दुरूपयोग र लैंगिक विभेदको विरूद्ध आवाज उठाऔं।
- ❑ अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं।
- ❑ स्थानीय सरकारद्धारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔ।
- ❑ समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व



# रुकुमपूर्वलाई अर्गानिक प्रमाणीकरण गरिँदै



❖ ***जयमान बुढामगर***

वि.सं. २०७७ सालमा लुम्बिनी प्रदेश सरकारले रुकुमपूर्वलाई अर्गानिक जिल्ला घोषणा गरिएको थियो। अब उक्त अर्गानिक उत्पादनको कृषि उपजलाई प्रमाणीकरण गरेरै बजारीकरण गरिने भएको छ। अर्गानिक उत्पादन कृषि उपजको यस आर्थिक वर्ष देखि नै प्रमाणीकरण गरिएको भएको हो। जसको लागि यस आर्थिक वर्ष जिल्लाका तीन वटै गाउँपालिका र प्रदेश सरकारले बजेटको व्यवस्था गरेको छ।

अर्गानिक उत्पादन कृषि उपजको प्रमाणीकरणको लागि गाउँपालिका, प्रदेश सरकार, किसान र प्राविधिकसँग सहजीकरण एवम् सहकार्य जिल्लामा रहेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले गर्ने भएको छ। अर्गानिक जिल्ला घोषणा गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएकोले अब अर्गानिक उत्पादनको प्रमाणीकरण गरिने भएको



## भूमे गाउँपालिका रुकुम पूर्वको सचेतनामुलक सन्देश

**आपतकालीन सुरक्षा र विपद् व्यवस्थापन**

- भूकम्प सुरक्षा अपनाऔं, सुरक्षित बसोबास गरौं ।
- बाढीपहिरोबाट बच्न सचेत बनौं, सुरक्षाका उपाय अवलम्बन गरौं ।
- अग्नि सुरक्षा अपनाऔं, आगलागीबाट जोगिऔं ।
- आपतकालीन अवस्थामा धैर्य राखौं, सुरक्षित स्थानमा रहौं ।

**लैंगिक समानता र सामाजिक न्याय**

- महिलाहरू माथि हुने हिंसा अन्त्य गरौं, समान समाज बनाऔं ।
- समानता सबैका लागि, विभेदरहित समाज निर्माण गरौं ।
- बालविवाह रोकौं, बालबालिकाको भविष्य सुनिश्चित गरौं ।
- अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरौं ।

**स्थानीय कर, कानुन र प्रशासन**

- स्थानीय कर समयमा तिरौं, सेवा सुविधाको उपयोग गरौं ।
- सरकारी सेवा प्रवाहलाई पारदर्शी बनाऔं, उत्तरदायी प्रशासन निर्माण गरौं ।
- हाम्रो अधिकार र कर्तव्य बुझौं, कानुनको पालना गरौं ।
- सुरक्षित यात्रा गरौं, सवारी नियम पालना गरौं ।

**स्वास्थ्य र सरसफाइ**

- स्वस्थ जीवनशैली अपनाऔं, सफा र स्वस्थ समुदाय निर्माण गरौं ।
- नियमित हात धोऔं, रोगबाट जोगिऔं ।
- खोप लगाऔं, रोगप्रतिरोधी शक्ति बढाऔं ।
- स्वच्छ खानेपानी प्रयोग गरौं, पानीजन्य रोगहरूबाट बचौं ।

**शिक्षा र बालअधिकार**

- शिक्षा सबैका लागि, आधारभूत अधिकारका लागि ।
- बालश्रम रोकौं, शिक्षामा लगाऔं ।
- छोरीलाई पनि शिक्षा दिऔं, समान अवसर सिर्जना गरौं ।
- विद्यालय जान प्रेरित गरौं, शिक्षाको उज्यालो भविष्य निर्माण गरौं ।

**वातावरण संरक्षण**

- वृक्षरोपण गरौं, हरियाली प्रवर्द्धन गरौं ।
- फोहरलाई वर्गीकरण गरौं, रिसाइकल गर्न सहज बनाऔं ।
- नदी, ताल र पोखरी सफा राखौं, वातावरण स्वच्छ बनाऔं ।
- प्लास्टिकको प्रयोग कम गरौं, प्राकृतिक स्रोतहरूको संरक्षण गरौं ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलले बताउनुभयो। प्रमुख पौडेलले भन्नुभयो, “अर्गानिक उत्पादन त भइरहेको छ। यद्यपि प्रमाणीकरण गर्न बाँकी रहेको छ। अब अर्गानिक उत्पादन भए/नभएको प्रमाणीकरण नै गरिने भएको छ।” खेतीपातीका लागि रासायनिक मल र विषादी पूर्ण रूपले जिल्लामा प्रतिबन्द लगाइको छ। मलका लागि कम्पोस्ट (जैविक मल) र विषादीका लागि घरेलु (जैविक विषादी)को प्रयोग भइरहेको प्रमुख पौडेलले जानकारी दिनुभयो।

त्यसकारण हाल उत्पादन भइरहेको कृषि उपज अर्गानिक नै रहेको उहाँको भनाइ छ। तर, प्रमाणीकरण गर्न मात्र बाँकी रहेको पौडेलले बताउनुभयो। अब प्रमाणीत नै गरिएको स्टिकर टाँस्ने र बजारमा पठाइने उहाँको भनाइ छ। सुरुमा फलफूल र तरकारीजन्य कृषि उपजबाट अर्गानिक प्रमाणीत गर्ने कार्य थालनी गरिने पौडेलले बताउनुभयो। फलफूल र तरकारीजन्य कृषि उपजको सफल प्रमाणीकरण भएसँगै अन्य खाद्यान्न, मासुका लागि पशुपन्छी र भेडाबाखाको ऊनबाट बन्ने विभिन्न कपडा जन्य सामग्री, रेसा जन्यबाट बन्ने सामग्री लगायत जिल्लाबाट उत्पादन हुने सम्पूर्ण कृषि उपज तथा सामग्रीको अर्गानिक प्रमाणीकरण गर्दै जाने कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो। अर्गानिक उत्पादनको प्रमाणीत गरेर बजारीकरण गरेमा यहाँको कृषि उपज उपभोक्ताले माग गरे अनुसार पूर्ति गर्न नसकिने अवस्था आउने पौडेलको भनाइ छ। अर्गानिक प्रमाणीकरण कार्यक्रमका लागि विभिन्न चरणको कार्यक्रम रहेकोले चरणवद्ध रुपले कार्यक्रम सञ्चालन गरी अर्गानिक प्रमाणीकरण गरिने एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले जनाएको छ। भूमे गाउँपालिका–१ लुगुमका आजिता पुनमगरले खुसी हुँदै भन्नुभयो, “आजका मिति सम्म अर्गानिक जिल्ला भन्ने मात्र गरिराखिएको थियो। अब भने अर्गानिक प्रमाणीकरण जिल्ला हुने भयो। हामी खुसी छौं।

अब अर्गानिक उत्पादनले सार्थकता पाउनेभयो।” यसले जिल्लाको छुट्टै पहिचान बनाउनुका साथै यहाँको कृषि उपजको माग बढ्ने अर्का किसान पुथाउत्तरगङ्गा गाउँपालिका–११ माथिल्लो सेराका कुमार सुनारले बताउनुभयो।

नागरिक

वर्ष ७ अङ्क ०५ २०८२ भदौ ०१ आईतबार

# प्रदेशको कार्यकारिणी अधिकार

**प्रदेशको कार्यकारिणी अधिकार सम्बन्धमा संविधानले गरेको व्यवस्थाको चर्चा गर्दै नेपालको संविधानबमोजिम प्रदेश मन्त्रीपरिषद्को गठन प्रक्रिया सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।साथै प्रदेश प्रमुख र मुख्यमन्त्रीबिच रहेको कार्यात्मक सम्बन्धसमेत प्रस्ट पार्नुहोस्।**

कानुनको कार्यान्वयन गर्ने तथा शासनका दैनन्दिन मामिलाको व्यवस्थापन गर्ने अधिकारलाई कार्यकारिणी अधिकार भनिन्छ।नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने सङ्घीय प्रणाली अवलम्बन गरेसँगै प्रदेश सरकार गठन भई कार्यसम्पादन गर्दै आएका छन्।नेपालको संविधानमा प्रदेशको कार्यकारिणी अधिकारका सम्बन्धमा देहायबमोजिम उल्लेख गरिएको छ :

–प्रदेश सरकारको कार्यकारिणी अधिकार संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रीपरिषद्मा निहित रहने, –प्रदेशमा सङ्घीय शासन लागु भएको कारणले प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने,–संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रीपरिषद्मा रहने,प्रदेशको कार्यकारिणी कार्य प्रदेश सरकारको नाममा हुने, संविधानको अधीनमा रही प्रदेशको कार्यकारिणी अधिकार अनुसूची–६, अनुसूची–७ र अनुसूची–९ बमोजिमको सूचीमा उल्लेख भएबमोजिम हुने,सङ्घ र प्रदेशको साझा अधिकारको विषयका सम्बन्धमा संविधान र सङ्घीय कानुनमा स्पष्ट उल्लेख भएकोमा बाहेक प्रदेश मन्त्रीपरिषद्ले कार्यकारिणी अधिकारको प्रयोग गर्दा नेपाल सरकारसँग समन्वय गरी गर्नुपर्ने, प्रदेश सरकारको नाममा हुने आदेश, निर्णय वा तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रदेश कानुनबमोजिम हुने, प्रदेश सरकारबाट स्वीकृत नियमावलीबमोजिम प्रदेश सरकारको कार्य विभाजन र कार्यसम्पादन हुने गर्छ।नियमावलीको कार्यान्वयन भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन नसकिने व्यवस्था रहेको छ।

प्रदेश मन्त्रीपरिषद्को गठन : नेपालको संविधानको धारा १६८ मा व्यवस्था भएबमोजिम प्रदेश मन्त्रीपरिषद्को गठन यस प्रकार हुने गर्दछ : क) बहुमतबाट मन्त्रीपरिषद् गठन : प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्रीपरिषद्को गठन हुने।

### ख) दुई वा दुईभन्दा बढी दलको समर्थनमा

मन्त्रीपरिषद् गठन : प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने।

## ग) अल्पमतबाट मन्त्रीपरिषद् गठन :

प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र मुख्यमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मतप्राप्त गर्नुपर्ने।

**घ) पुनः दुई वा दुईभन्दा बढी दलको मन्त्रीपरिषद् गठन** : प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेताले विश्वासको मत प्राप्त गर्न नसकेमा पुनः दुई वा दुईभन्दा बढी दलको समर्थनमा कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था रहेमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने। विश्वासको मत प्राप्त नभएमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी मिति तोक्ने।

ङ) माथि उल्लेख गरेबमोजिम नियुक्त मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रीपरिषद् गठन गर्ने व्यवस्था रहेको छ।

## प्रदेश प्रमुख र मुख्यमन्त्रीबिचको सम्बन्ध :

प्रदेश प्रमुख नेपाल सरकारका प्रतिनिधि हुन्। सङ्घमा राष्ट्रपतिको जस्तै प्रदेशमा प्रमुखको अस्तित्व र गरिमा उच्च हुन्छ। प्रदेशको कार्यकारिणी अधिकार मुख्यमन्त्री सहितको मन्त्रीपरिषद्मा रहन्छ। प्रदेश प्रमुखमा कार्यकारी अधिकार नरहे पनि संवैधानिक मर्यादा र जिम्मेवारी रहेको हुन्छ। नेपालको संविधानबमोजिम मुख्यमन्त्री र प्रदेश प्रमुखबिच देहायबमोजिमको कार्यात्मक सम्बन्ध रहेको हुन्छ :

-प्रदेश प्रमुखले मुख्यमन्त्रीको नियुक्ति र सपथग्रहण गराउनुका साथै मुख्यमन्त्रीको सिफारिसमा प्रदेश मन्त्रीपरिषद्को गठन गर्छन्,

–मुख्यमन्त्रीले प्रदेश प्रमुखसमक्ष लिखित रूपमा राजीनामा दिएमा मुख्यमन्त्रीको पद रिक्त हुने अवस्था सिर्जना हुन्छ,

– मुख्यमन्त्रीले प्रदेश मन्त्रीपरिषद्का निर्णय, प्रदेश सभामा पेस गरिने विधेयक, प्रदेश प्रमुखले जानकारी

मागेको विवरण र प्रदेशको समसामयिक परिस्थितिबारे प्रदेश प्रमुखलाई जानकारी गराउनु पर्छ,

–प्रदेश मन्त्रीपरिषद्को सिफारिसमा प्रदेश सभाको बैठक आह्वान र अन्त्य प्रदेश प्रमुखबाट हुने गर्छ तर एक चौथाइ सदस्यले लिखित अनुरोध गरे प्रदेश सभाको बैठक प्रदेश प्रमुखले बोलाइदिन सक्छन्,

- प्रदेश प्रमुखले प्रदेश सरकारद्वारा पेस भई प्रदेश सभाबाट पारित विधेयकलाई प्रमाणीकरण गरी ऐनको रूप प्रदान गर्छन्। यसबाट मुख्य मन्त्री र मन्त्रीपरिषद्को कार्यसम्पादनमा सहयोग पुग्छ,
- अध्यादेश जारी गर्ने विषयमा मुख्यमन्त्री र प्रदेश प्रमुखबिच कार्यात्मक सम्बन्ध रहन्छ। प्रदेश मन्त्रीपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट अध्यादेश जारी हुन्छ।

अन्त्यमा प्रदेश सरकारको कार्यकारिणी अङ्गको रूपमा प्रदेश मन्त्रीपरिषद् रहेको छ। प्रदेश मन्त्रीपरिषद्को गठन तथा काम कारबाहीमा सहजीकरण गर्न प्रदेश प्रमुखको व्यवस्था गरिएको छ। प्रदेश प्रमुख नेपाल सरकारले खटाउने हुँदा सङ्घले प्रदेश प्रमुखको माध्यमबाट प्रदेश सरकारमाथि दबाब सिर्जना गर्ने र नियन्त्रण गर्ने जोखिम रहन सक्छ। प्रदेश प्रमुखले संविधानको रक्षाको लागि शपथ लिने हुनाले यस प्रकारको व्यावहारिक जोखिमलाई संविधानको मर्म अनुकूल हुने गरी उचित व्यवस्थापन गर्न सक्नु पर्छ। प्रदेश प्रमुखले संविधानको मर्म र भावनाबमोजिम प्रदेश सरकारको हितमा काम गर्नु पर्छ। प्रदेश सरकारको सफलताका लागि मुख्यमन्त्री र प्रदेश प्रमुखबिचको सम्बन्ध विधि र विवेकमा आधारित भई सञ्चालन हुन आवश्यक छ।

**नेपालको संविधानबमोजिम जिल्ला अदालतको न्यायाधीशको पद रिक्त हुने अवस्था स्पष्ट गर्दै जिल्ला अदालतमा रिक्त न्यायाधीशको पदमा पदपूर्ति गर्नेसम्बन्धी प्रावधान उल्लेख गर्नुहोस्।**

नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी मूलतः तीन प्रकारका अदालत रहने व्यवस्था संविधानमा उल्लेख छ। जिल्ला तहमा एक जिल्ला अदालत रहने व्यवस्था छ। जिल्ला अदालतलगायत सबै न्यायिक निकाय सर्वोच्च अदालतको मातहतमा रहन्छन्। जिल्ला अदालतमा कम्तीमा एक जना र आवश्यकता अनुसार सोभन्दा बढी जिल्ला न्यायाधीश रहन सक्छन्। जिल्ला अदालतको न्यायाधीशको पद रिक्त हुने अवस्था :

**क) निजले प्रधान न्यायाधीशसमक्ष लिखित**

राजीनामा दिएमा,

**ख) निजको उमेर त्रिसट्ठी वर्ष पूरा भएमा,**

**ग) देहायको आधारमा न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले पदमुक्त गरेमा, कार्यक्षमताको अभाव,**खराब आचरण, इमानदारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको, बदनियतपूर्वक कामकारबाही गरेको वा निजले पालना गर्नुपर्ने आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको,

**घ)निज शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी**

**न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले पदमुक्त गरेमा,**

**ङ) निजले नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,**

**च)निजको मृत्यु भएमा,** रिक्त पदको पूर्तिसम्बन्धी व्यवस्था : जिल्ला अदालतमा रिक्त रहने जिल्ला न्यायाधीशको पदपूर्ति देहायबमोजिम हुने प्रावधान रहेको छ। रिक्त पदमध्ये २० प्रतिशत पदमा देहायबमोजिमका अधिकृतमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका।

**ख) रिक्त पदमध्ये ४० प्रतिशत पदमा देहाय बमोजिमका अधिकृत मध्येबाट खुला प्रतियागितात्मक परीक्षाको आधारमा** :कानुनमा स्नातक उपाधिप्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका।

ग)रिक्त पदमध्ये बाँकी ४० प्रतिशत पदमा देहायबमोजिमका नेपाली नागरिकबिच खुला प्रतियोगितात्मक परीक्षाको आधारमा : कानुनमा स्नातक उपाधिप्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका वा, कानुनमा स्नातक उपाधिप्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेका वा, कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठ वर्ष काम गरेका। प्रतिस्पर्धात्मक परीक्षाबाट नियुक्ति हुने पदका लागि न्याय सेवा आयोगले लिखित र मौखिक परीक्षा लिई योग्यताक्रमबमोजिम न्यायाधीश पदमा नियुक्तिका लागि न्याय परिषद्लाई सिफारिस गर्छ। अन्त्यमा नेपालको संविधानले जिल्ला न्यायाधीशको पदमा नियुक्तिका लागि प्रतिस्पर्धा तथा ज्येष्ठता, योग्यता र कार्यक्षमतालाई आधार बनाएको छ। प्रतिस्पर्धात्मक परीक्षाबाट उच्च सङ्ख्यामा उम्मेदवार सिफारिस हुने व्यवस्था गरिएको छ। योग्यता प्रणालीमा आधारित यस प्रकारको व्यवस्थाले न्यायसम्पादन गर्ने जस्तो संवेदनशील ठाउँमा योग्य, दक्ष र क्षमतावान् व्यक्ति नियुक्त हुने अवस्था सिर्जना गरेको छ।




खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रूकुम पूर्वको सूचना

सफा र शुद्ध पानीको उपयोगले स्वास्थ्य र जीवनशैलीमा प्रत्यक्ष सुधारले हाम्रो जीवन स्वस्थ रहन्छ।खानेपानीको मुहानहरुमा सरसफाइमा अल्प ध्यानले पनि गम्भीर रोगहरू निम्त्याउन सक्छ।रोग निम्तिन दिन भन्दा पहिले हामी सबै सचेत हुन जरुरी रहेको छ।खानेपानीको उचित हेरचाह उमालेर वा फिल्टर गरेर पिउँदा हाम्रो परिवार र समुदायलाई रोगबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ।यसैले, स्वस्थ जीवनका लागि स्वच्छ पानी र सरसफाइमा निरन्तर जागरूकता र सही अभ्यास अपनाउनु आवश्यक छ।

**स्वच्छ खानेपानी, स्वस्थ जीवन।**

- स्वच्छ पानी पिउँ, स्वस्थ रहौं।
- खानेपानीको मुहान सफा राखौं, रोगबाट जोगिऔं।
- खानेपानी सरसफाइ अभियानमा सक्रिय सहभागी बनौं।
- जहिले हामी सबैले सफा र शुद्ध पानी मात्रै पिउँ।
- मुहानहरू सुरक्षित राखौं, पानी उमालेर वा फिल्टर गरेर मात्र पिउँ।

**पूर्ण सरसफाई प्राप्तिको लागि निम्न कुराहरू अवलम्वन गरौं।**

- दिसापिसावका लागी चर्पिको मात्र प्रयोग गरौं।
- महत्वपुर्ण अवस्थाहरूमा (दिशापिसाव पछि,खाना पकाउनु अघि,खाना खानु अघि)साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्दिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सुरक्षित खानाको प्रयोग गरौं।
- घरभित्र र बाहिरका तरल पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यपस्थापन गरौं।

# डिस्पेन्सरी सेवा तथा पशु उपचार



❖ *डिल्लीराज पौडेल*

**पशुपन्छी उपचार सेवा:** पशुपन्छी उपचार सेवा अन्तर्गत कार्यालय र फिल्डस्तरमा गएर गरिएका पशुपन्छीहरु जस्तै: गाई/ भैंसी, बाख्रा/ भेंडा, बङ्गुर, कुकुर तथा कुखुराहरुको उपचार पर्दछन। त्यसमा पशुपन्छीहरुमा देखिएका लक्षणका आधारमा रोगको पहिचान गरी त्यसको उपचार हुने गर्दछ।

**माईनर सर्जिकल:** गाई/भैंसी, बाख्रा/भेंडा, बङ्गुर, कुकुरमा भएका साना तथा ठुला घाउहरु सफा गर्ने ,टाँका लगाउने, झिंगाका लार्भा (म्यागोट) हरु हटाउने, भाँचिएको खुट्टाहरु प्लास्टर लगायता उपचारहरु पर्ने गर्दछन।

**गाईनोकोलोजिकल उपचार:** गाईनोकोलोजिकल उपचार अन्तर्गत गाई/भैंसी, बाख्रा/भेंडा, बङ्गुरमा बच्चा अड्किने (Dystocia), साल नझर्ने (Retention of Placenta), बालि नलाग्ने (Infertility), बच्चा तुहिने (Abortion), पाठेघर बाहिर निस्कने (Prolapse) जस्ता समस्याहरुको उपचारको साथै र Manually पशु ब्याउने छ/छैन आदी चेक जाँचहरु पर्ने गर्दछन।

**बन्ध्याकरण:** यस अन्तर्गत गोरु, बोका, भेडा, घोडा र कुकुरहरुमा गरिने बन्ध्याकरण पर्दछ। गोरु, बोका, भेडा, घोडामा बर्डिज्जोद्वारा र कुकुरहरु (भाले र पोथी) मा सर्जरीद्वारा बन्ध्याकरण हुने गर्दछ। कुकुरहरुमा गरिने बन्ध्याकरणको मुख्य उद्देश्य समुदायमा कुकुरहरुको संख्या घटाइ छाडा कुकुरको आतङ्क तथा रेबिज संक्रमणमा कम गर्नु रहेको छ भने अन्य पशुहरुमा गरिने बन्ध्याकरण जस्तै गोरु, बोका, भेडा, घोडालाई सजिलै नियन्त्रण गर्न र मासुको क्वालिटी बढाउन बन्ध्याकरण गर्ने गरिएको हुन्छ।

**आन्तरिक परजिवि:** गाई/भैंसी, बाख्रा/भेंडा, बङ्गुर, कुकुर तथा कुखुराहरुमा लाग्ने विभिन्न आन्तरिक परजिविहरु जस्तै: गोलोजुका (Ascaris, Hemonchus, Cooperia, Oesophagostomum), फित्तेजुका (Taenia, Davainea, Raillietina), नाम्लेजुका (Fasciola, Prosthogonimus, Paramphistomum) हरुको गोबर परिक्षण गरी त्यसको उपचार गर्ने गरिएको हुन्छ।

**बाह्य परजिवि:** गाई/भैंसी, बाख्रा/भेंडा, बङ्गुर, कुकुर तथा कुखुराहरुमा लाग्ने विभिन्न बाहिरी परजिविहरु

जस्तै जुम्रा, किर्ना, उपिया, झिंगाको नियन्त्रणको लागि बिभिन्न परजिविनाशक औषधीहरुको प्रयोग गरी परजिवि नियन्त्रण गर्ने गरिएको हुन्छ।

**पशुपन्छीका लागी खोप सेवा**

**पि.पि.आर:** भेंडा/बाख्रामा मोर्बिलि भाईरसबाट लाग्ने र एकदमै छिटो सर्ने माहामारीको रुपमा फैलिने सरुवा रोग हो। यो रोग लागेपछी १०५ डिग्री सम्म ज्वरो आउने, घाँस नखाने, झोत्रयाउने, नाक, आँखा र मुखबाट सिगान, कचेरा निकाल्ने, पातलो दिसा छेर्ने र पशु ३/४ दिनमै मर्ने गर्दछ।यो रोग विशेष गरी भेडा/ बाख्रामा देखिने भएकोले मनसुन सुरु हुनुभन्दा खोप लगाइ रोगको रोकथाम गर्न पहल गरिएको थियो।

**रेबिज:** बिशेषगरी कुकुरहरुमा लाग्ने लाईसा भाईरसबाट लाग्ने एउटा जुनोटिक रोग हो।यस रोगको लक्षणहरुमा अत्याधिक र्याल निकाल्ने, कुकुर बोलाउने, जे पायो त्यही टोक्ने, धेरै भुकिराख्ने, शरिर प्यारालाईसिस हुने र अन्तमा कुकुर मर्ने हुन्छ।रेविज लागेको कुकुरले मान्छेलाई टोकेमा कुकुरमा देखिने सबै लक्षणहरु देखिन्छ।त्यसैले यस रोगको नियन्त्रणको लागी कुकुरहरुमा नियमित रेविजविरुद्दको खोप लगाउने र छाडा कुकुरहरुमा बन्ध्याकरण गरी रोगको माहामारी कम गर्न पहल गरिएको थियो।

**स्वाईन फिवर:** क्लासिकल स्वाईन फिवर पेस्टीभाईरसबाट बङ्गुरमा लाग्ने माहामारी रोग हो।यो रोग लागेपछि उच्च ज्वरो आउने, खाना नखाने, खुट्टा, पेट र कानमा रक्तश्राव भई निलो छाप देखिने, शरिर काम्ने र केही दिनमै बङ्गुर मर्ने हुँदा समयमै खोप लगाइ यस रोग नियन्त्रण तथा रोकथामका लागि स्वाईन फिवर भ्याक्सिन लगाउने गरिएको छ।




**खोरेत:** खोरेत रोग गाई/भैसी भेडा/बाख्रा र बङ्गुरमा FMD नामक भाईरसबाट लाग्ने सरुवा रोग हो।यस रोग लागेपछी पशुहरुमा उच्च ज्वरो आउने, घाँस नखाने, मुख र खुरहरुको बिचमा पानीफोकाहरु आउने, फुट्ने र घाउ हुने, अत्याधिक र्याल आउने, खुट्टा नटेक्ने र दुधको उत्पादन कम हुन्छ। यस रोग नियन्त्रण तथा रोकथामको लागि मनसुन सुरु हुनुभन्दा अघि गाईभैसीमा खोप लगाउने गरिएको छ।

**लम्पी स्किन:** यो रोग गाईभैसीमा पक्स भाईरसबाट लाग्ने गर्दछ।यस रोगको लक्षणहरुमा उच्च ज्वरो आउने, छालामा ५ से.मी. सम्मका बिबिराहरु आउने, बिबिरा फुटेर घाउ बन्ने, अत्याधिक र्याल आउने, आखाबाट कचेरा, नाकबाट सिगान निकाल्ने, दुधको उत्पादन कम गर्ने र केही पशुहरु मर्ने गर्दछ।यस रोग नियन्त्रणको लागि मनसुन सुरु हुनुभन्दा अघि गाई/भैसीमा खोप लगाउन सकिन्छ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।